चौदण्डीगढी नगरपालिकाको २०८० को कार्यविधि नं.-२

चौदण्डीगढी नगरपालिका

बेल्टार, उदयपुर

कोशी प्रदेश

नगर राजपत्र

भाग -२

चौदण्डीगढी आधारभूत नगर अस्पताल संचालन तथा ब्यबस्थापन कार्यविधि,२०८०

(पहिलो संशोधन २०८१)

(कार्यविधि खण्ड)

स्वीकृत मिति : २०८० असार १०

(वर्ष-२०८० अंक १)

चौदण्डीगढी नगरपालिका
बेल्टार, उदयपुर
कोशी प्रदेश
नगर राजपत्र

भाग -२
(कार्यविधि-खण्ड)
चौदण्डीगढी आधारभूत नगर अस्पताल संचालन तथा ब्यबस्थापन कार्यविधि,२०८०

(पहिलो संशोधन २०८१)

चौदण्डीगढी नगरपालिकाको मिति २०८० असार १०
गतेको नगरसभाको निर्णयानुसार स्वीकृत भएको व्यहोरा

कालुमान लामा
नगर प्रमुख

चौदण्डीगढी आधारभूत नगर अस्पताल संचालन तथा ब्यबस्थापन कार्यविधि,२०८०

प्रस्तावना

चौदण्डीगढी नगरपालिका भित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुने अबस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संबिधान २०७२ को धारा ५७ (४) को आधारमा स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, नगरपालिकाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा लगायतको स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय वनाउन चनैदणडीगढी नगरपालिकाले स्थापना गरेको आधारभूत नगर अस्पताल संचालन तथा ब्यबस्थापन गर्न वाञ्छनीय भएकोले, चौदण्डीगढी नगरपालिकाको स्वास्थ्य सेवा ऐन २०८० को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी चौदण्डीगढी नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यो कार्यविधिको नाम चौदण्डीगढी नगरपालिकाको आधारभूत नगर अस्पताल संचालन तथा ब्यबस्थापन कार्यविधि, २०८० रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकावाट पारित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले चौदण्डीगढी नगरपालिकाले संचालन गरेको आधारभूत नगर अस्पताललाई सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले चौदण्डीगढी नगरपालिका नगर प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "उप प्रमुख " भन्नाले चौदण्डीगढी नगरपालिका उप-प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सवैभन्दा जेष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको अस्पतालको प्रमुख भई काम गर्ने कर्मचारीलाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले चौदण्डीगढी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) "कार्यविधि" भन्नाले चौदण्डीगढी आधारभूत नगर अस्पताल संचालन तथा ब्यबस्थापन कार्यविधि, २०८० सम्झनु पर्छ।

(ज) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(झ) "नगरपालिका" भन्नाले चौदण्डीगढी नगरपालिका सम्झनु पर्छ ।

(ञ) "नगरपालिका क्षेत्र" भन्नाले चौदण्डीगढी नगरपालिकाको भूभाग सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा ३ बमोजिम गठित नगर अस्पताल संचालन तथा ब्यबस्थापन समितिलाई सम्झनु पर्छ ।

(ठ) "शाखा" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्छ ।

परिच्छेद-२

अस्पताल व्यवस्थापन समितिको गठन तथा संचालन

३. समितिको गठन: (१) अस्पतालको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत . सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) अस्पताल रहेको वडाको वडा अध्यक्ष वा अध्यक्षले वडा समितिका सदस्य मध्ये बाट सिफारिस गरेको १ जना - सदस्य

(ङ) स्वास्थ्य क्षेत्रमा कृयाशिल उदयपुर जिल्ला भित्रको स्वास्थ्य क्षेत्रको विज्ञ मध्ये नगर प्रमुखले तोकेको कम्तिमा एक महिला सहित दुई जना - सदस्य

(च) नगर कार्यपालिकाले मनेनित गरेको उद्योग बाणिज्य संघ वा नेपाल रेडक्रस सेसाइटी वा अन्य संघ संस्थाका प्रतिनिधि - सदस्य

(छ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ज) अस्पताल प्रमुख - सदस्य-सचिब

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञ, जनप्रतिनिधि तथा कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

४. योग्यता र पदावधि

(क) मनोनित सदस्यको योग्यता देहाय बमोजिम हुनेछ ।

(१) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नभोगेको ।

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार वा अन्तरगतका कुनै संगठित संस्थासँग सम्बन्धित कुनै बेरूजु वा बाँकी बक्यैता नरहेको ।

(३) उच्च नैतिक चरित्र भएको तथा कालो सूचिमा नपरेको ।

(४) विदेशी राष्टको नागरिकता वा अवासीय अनुमती नलिएको ।

समितिका मनोनित पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ ।

५. पद रिक्त हुने : निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा,

(ग) बिना सुचना लगातार तीन पटक समितिको वैठकमा अनुपस्थित भएमा ।

(घ) फौजदारी अभियोग प्रमाणित भएमा ।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा ।

६. समितिको बैठक र संचालन विधि:

(१) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले कम्तिमा दुई महिनाको एक पटक बोलाउनु पर्नेछ । तर, आवश्यकता अनुसार जुनसुकै अबस्थामा पनि बैठक बस्न सक्नेछ ।

(२) समितिका सदस्यहरुको मध्ये ५० प्रतिशत सदस्यको उपस्थिति भएमा वैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन । तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन।

(४) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

(५) बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

परिच्छेद-३

अस्पताल संचालक समितिका पदाधिकारीहरुका काम कर्तब्य र अधिकार

७. समितिका पदाधिकारीहरुका कम कर्तब्य र अधिकार

१. अध्यक्षको काम कर्तब्य अधिकार

(क) समितिको बैठक बोलाउन सदस्य-सचिवलाई निर्देशन दिने

(ख) समितिको बैठकको अध्यक्षता गर्ने

(ग) अस्पतालको दैनिक कार्यको रेखदेख गरी आबश्यकता अनुसारको निर्देशनहरु दिने

(घ) समितिका सदस्य-सचिब र अन्य सदस्यहरुलाई जिम्मेबारी तोकी काममा लगाउने

(ङ) समितिले तोकेको अन्य काम गर्ने गराउने

२.सदस्य-सचिवको काम कर्तब्य अधिकार

(क) अध्यक्षको निर्देशन अनुसार समितिको बैठक बोलाउने

(ख) अस्पताल ब्यबस्थापन तथा संचालनसंग सम्बन्धित कार्यहरुको प्रतिबेदन तयार गर्ने

(ग) अस्पतालको ब्यवस्थापकीय कार्यहरु गर्ने

(घ) समितिका अध्यक्षको निर्देशन अनुसार अस्पताल ब्यबस्थापन तथा संचालन संग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

८. संचालक समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभुत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) अस्पतालको नियमित संचालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने ।

(घ) अस्पतालबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिबृदी गर्न आवश्यक निर्णय लिने ।

(ङ) स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिस्चितताका लागि आवश्यक प्रवन्ध मिलाउने ।

(च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास र एवं बृती विकासको लागि आवश्यक कार्य गर्ने । अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुबिधाहरुका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने ।

(छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पंहुच र उपलब्धता सुनिस्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनकुल तथा सुरक्षित वातावरण सिर्जना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ज) स्वास्थ्य सेवाको पंहुच वाट वञ्चित स्थानीय समदुायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिस्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(झ) भगोल, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता भएका, बालबालिका, किशोर किशोरी, महिला समुह समेतलाई मध्येनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृशिसु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ट) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

(ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा सुशासन जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिस्चित गर्ने, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(त) बिद्युतीय स्वास्थ्य सेवाको अवधारणा कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका नगरपालिका सामाजिक विकास समिति र स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

(थ) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(न) अस्पताल सञ्चालनको लागि नगरपालिकाले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने ।

(प) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने।

(फ) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच. एम. आइ. एस. अनुसार तयार गरी डि. एच. आई. एस. २ मा तथ्याङ्क प्रविष्ट गर्ने ।

(ब) नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य सेवा ऐन लगायत प्रचलित कानुन र नीति बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(भ) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु।

(म) नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

परिच्छेद -४

कोष तथा लेखा परीक्षण

९. अस्पतालको कोष:

(१) नगर अस्पताल संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका रकमहरु नगरपालिकाको बिबिध खर्च खातामा जम्मा हुनेछ ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) नगरपालिकाबाट प्राप्त रकम ।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) अस्पतालले संचालन गरेको सेवा वापत प्राप्त रकम ।

(छ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम ।

(ज) फार्मेसी संचालन,एम्बुलेन्स संचालन र अन्य स्रोतबाट प्राप्त रकम ।

(झ) स्वास्थ्य बीमाबाट प्राप्त रकम ।

(२) उपनियम (१) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानुन बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(३) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्यमान्यता प्रतिकूल नहुने कुराको सुनिस्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

१०. कोष तथा खाता संचालन :

(१) कोष तथा खाता संचालन अस्पताल संचालन तथा ब्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

(२) यस कोषको बजेट बिनियोजन तथा बाँडफाँड नगर अस्पताल संचालन तथा ब्यबस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

(३) समितिको निर्णय बमोजिमको बजेट बिनियोजन तथा बाँडफाँड बमोजिम बजेटको खर्च समितिको खाताबाट हुनेछ ।

(४) यस कोषको खाता संचालन तथा ब्यवस्थापन प्रमुख अस्पताल ब्यवस्थापक वा समितिले निर्णय गरी तोकेको कमर्चारी र स्वास्थ्य शाखा प्रमुखको संयुक्त दस्तखतमा संचालन हुनेछ ।

(५) नगरअस्पतालमा दफा ९ बमोजिम प्राप्त हुने आय र राजश्व प्रचलित कानुन बमोजिम संकलन गर्नुपर्नेछ ।

(६) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(७) अस्पतालको आम्दनी र खर्चको अभिलेख, आम्दनी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आयव्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्दान्त, बेरुजु अभिलेख, बेरुजु फस्यौंट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ।

(९) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

(१०) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि नगर अस्पताल ब्यबस्थापन तथा संचालन कार्यविधि २०७८ बमोजिम संचालित नगर अस्पतालको सम्पूर्ण चल, अचल, आर्थिक, भौतिक एबम प्रशासनिक सम्पूर्ण विवरणहरु यो कार्यविधि बमोजिम आधारभूत नगर अस्पतालको हुनेछ र उक्त अस्पताल ब्यबस्थापन समितिको नामको बैंक खातामा जम्मा भएको सम्पूर्ण रकम उक्त समितिले नगरपालिकाको बिबिध खर्च खातामा जम्मा गर्नुपर्नेछ ।

११.लेखापरीक्षण :

(१) अस्पताल व्यवस्थापन समितिले तोकिए वमोजिम अस्पतालको आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) आन्तिरिक **लेखापरीक्षण** नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखावाट हुनेछ ।

(३) समितिको अन्तिम **लेखापरीक्षण** दतार्वाला स्वतन्त्र लेखापरीक्षक वाट हुनेछ ।

१२. बैठक भत्ता : समितिका सदस्यहरुको बैठक भत्ता तथा वैठक सम्बन्धि अन्य खर्च नगरपालिकाको आर्थिक नियमावली बमोजिम नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ

१३. सेवाशुल्क सम्बन्धि व्यवस्था : अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । तर, निशुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाइनेछैन ।

परिच्छेद-५

जनशक्ति, औषधि तथा उपकरणको व्यवस्थापन

१४. कर्मचारी व्यवस्थापन: (१) अस्पतालमा नेपाल सरकार,प्रदेश सरकार र नगरपालिकाले दरवन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ ।

(क) स्थायी–नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका जनशक्ति र लोकसेवावाट पदपूर्ति हुने स्थायी जनशक्ति

(ख) करार सेवामा भर्ना गरिएका जनशक्ति

(ग) अभ्यासकर्ता- छात्रवृति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा नगरपालिकाको सहयोग प्राप्त गरी छात्रवतृिमा अध्ययन गरेका विद्यार्थी

(घ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वच्छिक सेवा उपलव्ध गराएका व्यक्तिहरु

(ङ) विभिन्न शैक्षिक सस्थाहरुवाट इन्टनसिप (OJT) विध्यार्थीहरु

(२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीवाट गराउन अपुग भएमा अस्पतालले समितिको सिफारिशमा नगरपालिकाको स्वीकृति लिई आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्नेगरी सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा दरबन्दि स्वीकृत गराइ खलुा प्रतिस्पर्धात्मक पद्दति अनुरुप प्रचलित कानुन बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवाशर्त र सुविधा प्रचलित श्रम एन प्रतिकुल नहुने गरी समितिले निर्धारण गर्नेछ ।

(५) यो कार्यविधि प्रारम्भ हुँदाका वखत अस्पतालमा कार्यरत कर्मचारीहरुलाई व्यवस्थापन समितिले आर्थिक सक्षमता भएको अवस्थामा प्रोत्साहन स्वरूप थप सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(६) नियमित वाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णय गरी थप सुबिधा उपलव्ध गराउन सक्नेछ ।

(७) कार्यपालिकाले व्यवस्थापन समितिको सिफारिसमा जनशक्तिको दरवन्दी संशोधन गर्न सक्नेछ।

(८) कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ ।

(९) कार्यालय प्रमखुको रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ ।

(१०) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा प्रशिक्षणको ब्यबस्थापन गराउनेछ ।

(११) समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्नेछ ।

(१२) समितिले नगरपालिका संग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था संगको साझदोरीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

(१३) अस्पताललाइ ब्यवस्थित गर्न नगर कायर्पिलकाको निर्णय बमोजिम समितिले स्वास्थ्य सम्बन्धि विज्ञलाइ अस्पताल ब्यवस्थापकको रूपमा नियुक्त गर्न सक्नेछ । यसरी नियुक्त हुने विज्ञको योग्यता , सेवा सुबिधा र करार अबधि समितिले तोकेबमिजम हुनेछ । निजले अस्पताल प्रमुख भै काम गर्नेछ ।

१५. अभ्यासकर्ता (OJT)सम्वन्धी व्यवस्था:

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृतिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनत्तम शैक्षिक योग्यता पुगी सम्वन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थिहरुलाई अस्पतालले प्रचलित कानुन बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

१६. कर्मचारी तथा स्वास्थ्यकर्मिहरुको सम्पूर्ण सेवा सुविधा:

कर्मचारी तथा स्वास्थ्यकर्मिहरुको सम्पूर्ण सेवा, सुबिधा अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टा विदा प्रचलित कानुन बमोजिम तथा समितिले तोके बमोजविम हुनेछ ।

१७. अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः

(१) अस्पताल व्यवस्थापन समितिको अधिनमा रही नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम सेवा मापदण्डलाई कार्यान्वियन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने ।

(२) अस्पताल सञ्चालनका लागी सरकारी तथा गैरसरकारी सँस्थाहरुसँग समन्वय गर्ने ।

(३) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(४) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिबृद्दि गर्न, स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिले तोके बमोजिम काम गर्ने।

(५) अस्पतालको कार्यालय प्रमुख भई कामकाज गर्ने ।

१९. फार्मेसी संचालन गर्ने:

(१) नि:शलुक औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि बिक्री वितरण गर्न अस्पतालले फार्मेसी संचालन गर्नेछ ।

(२) फार्मेसी मार्फत बिक्री वितरण गर्ने औषधिको व्यवस्थापन अस्पतालले गर्नेछ ।

(३) फार्मेसी संचालन सम्बन्धी अन्य ब्यबस्था प्रचलित कानुन र फार्मेसी संचालन निर्देशिका बमोजिम हुनेछ ।

२०. एम्बुलेन्स संचालन

(१) नगरपालिकाको आफ्नो स्रोत,अस्पतालको स्रोत वा अन्य संघ संस्थाको सहयोग र साझदोरीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

(२) एम्बुलेन्स संचालन सम्बन्धी व्यवस्था एम्बुलेन्स सेवा संचालन निर्देशिका बमोजिम हुनेछ ।

२१. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन:

१) अस्पतालले २४ सै घन्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ ।

(२) अस्पतालमा संभव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वस्थ्य सेवाको विवरण,सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्नेगरी आकस्मिक उपचार कक्षमा सवैले देख्ने ठाउँमा राख्नुपर्नेछ।

(४) अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभुत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार नि:शुल्क उपलव्ध गराउनु पर्नेछ र आधारभूत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य वीमा भएको हकमा सोही वीमाबाट र वीमा नभएको वा वीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ।

(५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवावाट वञ्चित गरिनेछैन । अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई नगरपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शिर्षकबाट खर्च व्यहोर्नेगरी आकस्मिक सेवा उपलव्ध गराउनु पर्नेछ ।

२२. सेवा व्यवस्थापन:

(१) आधारभूत नगर अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, सल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ।

(२) अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ ।

(३) अस्पतालले बहिरंग सेवा प्रदानगर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार र समय) खुल्नेगरी सबैले देख्ने ठाउँमा राख्नेछ ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउने छ ।

(५) बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सक बाट सेवा लिन पाउने व्यबस्था सुनिश्चित गर्नेछ ।

(६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मी बाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ ।

(७) बिरामी वा बिरामीको रेखदखे गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ ।

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

(९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।

(१०) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ।

(११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायककालागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनुपर्नेछ । शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलव्धता गराउनु पर्नेछ ।

(१२) अस्पताल बाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलगअलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफासुघर राख्नु प्रनेछ ।

(१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता , तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ।

(१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सविधायुक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ ।

(१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुकालागि चौबिसैघण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्ध पानी आपुर्ति हुनु पर्नेछ ।

(१७) अस्पताल क्षेत्रभित्र र सबै बिभागहरूमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(१८) अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निशुल्क उपचार अनिबार्य रुपमा उपलब्ध हुनेछ । थप निशुल्क उपचार समितिको निर्णय अनसार हुनेछ ।

(१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगर कार्यपालिकामा सोको प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने व्यबस्था गर्नुपर्नेछ ।

(२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ । साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अबधि अनुसार मर्मतसम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ ।

(२१) अस्पतालको भवन, सवारीसाधन, मेसिनरीऔजार, यन्त्र, उपकरण, बिधुतिय उपकरण र अन्य विधुतीय उपकरणको नियमित मर्मत संभार गर्ने ब्यबस्था हु नुपर्नेछ ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ ।

(२३) अपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ । यस्तो भण्डारणमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षा गार्डको व्यवस्था भएको हुनु पर्नेछ ।

(२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा संचालन गर्न समितिले छुट्टै कार्य संचालन निर्देशिका तयार गरी लागु गर्नेछ।

(२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, वालवबालिका र अपाङ्गतामैत्री हुनुपर्नेछ । साथै अस्पतालमा ह्वीलचयेर, ट्रली, स्टेचर राख्नु पर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(२७) स्वास्थ्य सेवा संचालन र पुर्बाधार सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ ।

परिच्छेद-६

सूचना अभिलेखीकरण, गुनासो व्यवस्थापन

२३. अस्पताल सूचना प्रणाली:

(१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्वन्धी सचूना नगरपालिका, प्रदेश तथा संघको संवन्धित निकायमा आवश्यकता अनसार उपलव्ध गराउनु पर्नेछ ।

(३) अस्पतालवाट प्रदान भएका सेवा सुबिधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सचूना प्रणाली अनसार हुनेछ ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्नलाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको अनसुचूी १ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरुको सुनिस्चितता गर्नुपर्नेछ ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवा का टेलिफोन नम्बरहरु स्पष्ट देखिनेगरी राख्नुपर्नेछ ।

(६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्नेछ ।

(७) अस्पतालभित्र प्रभावकारी सुचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको ब्यबस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समय समयमा अस्पतालले जनचेतनामुलक अभियनान संचालन गरी जनसमदुायलाई जानकारी गराउनेछ ।

(९) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सचूना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच.आई.एस. टु मा प्रविष्ट गर्नुपर्नेछ ।

(१०) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सुचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिस्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

२४. गुनासो व्यवस्थापन:

(१) अस्पतालले सवैले देख्ने ठाँउमा सुझाव तथा उजरी पेटीका राख्नुपर्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गनासो उजुरी र सझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ ।

२५. प्रेषण सम्बन्धी व्यवस्था:

(१) उपचारको लागि आएको बिरामीलाई उपयक्तु कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ । तर, अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुन सक्ने अबस्था हुँदाहुँदै प्रेषण गर्न पाइने छैन।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पुर्ब पहिचान गरी सो को अद्यावधिक सुची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिस्चितता गरेर मात्र पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै जानकारी दिएर पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(४) विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरीराख्नु पर्नेछ ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदन्ड बमोजिमका न्युनतम उपकरण र सेवा उपलव्ध गराउनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न वाधा पर्ने छैन ।

(७) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका विरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था नगरपालिकाले तोके बमोजिम हु नेछ ।

(९) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ ।

(१०) अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिक रुपमा राखु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई देहायका विवरणहरू उल्लेख गरी अनसुची २ बमोजिमको डिस्चार्ज सारंश दिनपर्नेछ ।

(क) विरामीको परिचय-पत्र नं.

(ख) मुख्य समस्याहरु

(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका सारांश

(घ) तत्काल गरिएको परीक्षणको सारांश

(ङ) उपचारको क्रममा भेटिएका तथ्य

(च) उपचारको क्रममा अपनाइएको प्रकृया

(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

(ज) गरिएको उपचारको विवरण

(झ) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्दति, औषधिको मात्रा, प्रकृया तथा अवधि

(ञ) पुन: आउनु पर्ने वा नपर्ने जानकारी

(ट) निदानात्मक जाँचहरूको रिपोर्टको सारांश

(ठ) अन्य आवश्यक कुराहरू

परिच्छेद-७

विविध

२६.अस्पतालको छाप: अस्पतालको सम्पूर्ण कामकारबाहीको निमित्त एउटा छुट्टैछाप हुनेछ । छापको नमुना र आकार अनुसुची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

२७.अस्पतालको संगठन संरचना : अस्पतालको आफ्नै सङ्गठन संरचना हु नेछ । सङ्गठन संरचना प्रचलित कानुन बमोजिम नगरपालिकाले निर्धारण गर्नेछ ।

२८. साझेदारी गर्न सक्नेः अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहान सेवा लगायतका व्यवस्थापन गर्नर विशेषज्ञ सेवा संचालन गर्न नगरपालिका संग समन्वय गरी आवश्यकता अनसार प्रचलित कानन बमोजिम समदुायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासं ग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

२९. वार्षिक प्रतिवेदन पेश गर्ने: समितिले बर्षभरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

३०. निर्देशन पालना गर्नुपर्ने: नगर कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

३१.नगरपालिकालाई आर्थिक दायित्व सिर्जना गर्न नहुने: नगरपालिकाको स्वीकृति विना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सिर्जना गर्नु हुँदैन ।

३२.अधिकार प्रत्यायोजन गर्न सक्ने : समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनसार केही अधिकार अध्यक्ष, र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. कार्यविधिको पालना गर्नुपर्ने : यस कार्यविधिको पालना गर्नु आधारभूत नगर अस्पतालको दायित्व हुनेछ ।

३४. खारेजी र बचाउ :यो कार्यविधि प्रारम्भ भए संगै यसभन्दा अगाडी कार्यन्वयनमा रहेको नगर अस्पताल ब्यबस्थापन तथा संचालन कार्यविधि २०७८ खारेजी भएको छ । यस अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

३५. व्याख्या गर्ने अधिकार: यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै दुबिधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा नगरकार्यपालिकाले सोको व्याख्या गर्नेछ । **३६. प्रचलित**

कानन बमोजिम हु ने: यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहरू प्रचलित कानुन बमोजिम हु नेछ ।

३७. संसोधन तथा परिमार्जन : यस कार्यविधिमा उल्लेख भएका विषयहरू समय सापेक्ष् संसोधन ,परिमार्जन गर्नु परेमा नगरकार्यपालिका बाट संसोधन हुनेछ ।

अनुसुची -१

दफा २३ को उपदफा ४ सँग सम्बन्धित अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक बडापत्रको ढाँचा सि. न. शाखा/ वार्ड प्रदान गरिने सेवाको विवरण, सम्बन्धित सम्पर्क व्यक्ति, प्रक्रिया, लाग्ने समय, लाग्ने शुल्क, गुनासो सुन्ने अधिकारी उल्लेख गरि राखिनेछ ।

अनुसुची- २

दफा २५ को उपदफा ११ सँग सम्बन्धित

डिस्चार्ज साराशं ढाँचा .

....अस्पताल डिस्चार्ज सारांश	
विरामीको नामः	उमेर :
विरामीको ठेगानाः	सम्पर्क नं
अस्पतालको वार्डः	यनिुटः
विरामीको परिचयपत्र नं./दर्ता नं.	मितिः
समस्याहरु :	
परीक्षण विवरणः	
उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधिः भर्ना भएको मिति र समयः	
उपचार सम्बन्धी विवरणः................................	सिफारिस औषधीको नाम, मात्रा र अवधि ....
डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था, सो समयमा दिएको निर्देशनः	
पनः अस्पताल आउने(Follow up) सम्बन्धी विवरणः यस उपचारको क्रममा पन अस्पताल आउनपुर्ने वा नपर्ने आउनु पर्ने मितिः	
अन्य आवश्यक कुराहरूः	
इन्चार्जको हस्ताक्षर	

अनुसुची-३

दफा २६ सँग सम्बन्धित

अस्पतालको छापको नमुना:

१. छापको नमुना: आधारभूत नगर अस्पतालको छाप अस्पताल संचालन समितिको निर्देशन बमोजिम बनाइनेछ ।

२ . छापको आकार: नेपाल सरकारको प्रचलित कानुन वमोजिम हुनेछ ।

स्वीकृति मिति : २०८०/०३/०९